जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४० अंक २३ २०७८ साल पुस १८ गते आइतवार (2 Jan. 2022 Sunday) मूल्य रु. ७/-

यौन दुराचारी जहाँ पनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : ह्याप्पिनेस इज ... पृष्ठ ३ मा : नेपाल जनस्वास्थ्य संघसँग ... पृष्ठ ४ मा : काँग्रेस रूपान्तरणका ... पृष्ठ ५ मा : महिला सहभागितालाई प्राथमिकतामा ...

# गजेन्द्र नारायण सिंह अस्पतालमा अक्सिजन प्लान्ट संचालनमा आयो



**राजविराज**/गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा अक्सिजन प्लान्ट संचालनमा आएको छ ।

गत आइतबार सफल परिक्षण गरिएपछि उक्त प्लान्ट मंगलवारदेखी संचालनमा आएको हो । प्लान्ट संचालनमा आएपछि अब अस्पतालले अन्य स्थानबाट अक्सिजन ल्याउनु पर्ने बाध्यता हटेको छ ।

जटिल, स्वास प्रस्वासका गम्भिर समस्या भएका तथा कोरोनाका विरामीलाई अन्यत्र जानु पर्ने बाध्यता समेत हटेको अस्पताल प्रशासनको भनाई छ ।

अस्पतालका मेसु डा. रन्जित झाले प्लान्टबाट दैनिक २ सय ८० देखी २ सय ९० सिलिण्डर अक्सिजन उत्पादन हुने लक्ष्य रहेको जानकारी दिए । अक्सिजनको माग बढे उत्पादन बढाउन बैकल्पिक उपायको रुपमा अस्पताल परिसर मै थप एउटा लिक्वीड प्लान्ट समेत जडान गरिएको उनले बताए ।

अस्पतालमा १५ वटा भेन्टिलेटरसहित १५ शैयाको आईसियु र ४ वटा भेन्टिलेटर तथा २५ शैयाको अत्याधुनिक हाईडिपेन्सी युनिट सेवा समेत तैयारी अवस्थामा छ ।

गत भदौं महिनामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ३ करोड ७३ लाखको सहयोग प्राप्त हुना साथ संरचना निर्माण र अक्सिजन प्लान्ट जडानको काम शुरु भएको थियो ।

उपकरण जडान गर्ने इजिइन्फा प्रालि काठमाण्डौंका इन्जिनियर सन्तोष धितालले मंगलवार एक कार्यक्रमबीच प्लान्ट संचालनमा ल्याई मेडिकल सुपरिटेण्डेन्ट डा. झालाई हस्तान्तरण गरे लगतै उत्पादन शूरु गरिएको हो ।

# चुरे संरक्षणका लागि नेपाली सेनाद्वारा बृक्षारोपण



**राजविराज**/राजविराजस्थित नेपाली सेनाको भिम दल गणले चुरे संरक्षणका लागि त्यस क्षेत्रमा बृक्षारोपण गरेको छ ।

सप्तरीको रुपनी गाउपालिका वडा नं. ५ स्थित चुरे क्षेत्र अन्तरगत दुधैला खोला वरिपरि सोमबार भीमदल गणको अभ्यास ईलाकाले विभिन्न जातका बोटबिरुवा रोपेको हो ।

उक्त क्षेत्रमा तेजपत्ताको ९ सय बोट, मगहनीको १ हजार २ सय बोट, मसलाको १ हजा बोट र खयरको ९ सय विरुवा गरि जम्मा चार हजार बोट बिरुवाहरु बृक्षारोपण गरिएको हो ।

जिल्ला वन कार्यालय सप्तरीसँगको सहकार्यमा चुरे क्षेत्रको संरक्षणमा टेवा पुऱ्याउने उद्देश्यले उक्त बृक्षारोपन गरिएको भिम दल गणका गणपति निरज भण्डारीले जानकारी दिएका छन् ।

सेनाको नं. २७ वाहिनीपति सहायक रथी हेमराज केसीको प्रमुख अतिथीमा तथा सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमको विशिष्ट आतिथ्यमा आयोजित बृक्षारोपन कार्यक्रममा गरिएको थियो ।

कार्यक्रममा भिम दल गणका गणपति प्रमुख सेनानी निरज भण्डारी, सशस्त्र प्रहरी नं. ६ गणका प्रमुख सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठ लगायत जिलला वन कार्यालयका प्रमुख, रुपनी गाउपालिका वडा नं. ५ का वडा अध्यक्ष, त्रिशक्ति र शनिदेव वन उपभोक्त समितीका अध्यक्षहरुको समेत उपस्थिती रहेको थियो ।

# सात जना जेष्ठ नागरिक सम्मानित

**राजविराज**/सप्तरीमा पनि प्रथम जेष्ठ नागरिक दिवस मनाइएको छ । जेष्ठ नागरिक जिल्ला संघ सप्तरी र पूर्वकर्मचारी सेवा परिषद् नेपाल सप्तरीको संयुक्त आयोजनामा सो दिवस मनाइएको हो ।

सो अवसरमा आयोजित बिचार गोष्ठी तथा सम्मान कार्यक्रममा समाज र देशका लागि योगदान गर्ने सात जनालाई सम्मान पनि गरिएको छ ।

सम्मानित हुनेहरुमा पूर्वकर्मचारी पुरुषोत्तम मिश्र, मोहनप्रसाद उपाध्याय, लक्ष्मीलाल दास र बेचन ठाकुर छन् । यस्तै समाजसेवी लत्तर दास, चन्द्रदेवी झा र बिजय सिंह पनि सम्मानित भएका छन् । उनीहरुलाई प्रमुखअतिथि प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले दोसल्ला ओढाई सम्मान गरे ।

जेष्ठ नागरिक संघ सप्तरीका सचिव बैजनाथ झाका अनुसार सम्मानित हुनेहरुमा ८१ वर्षदेखी १ सय २ वर्षसम्मका जेष्ठ नागरिक छन् ।

जेष्ठ नागरिक संघ सप्तरीका अध्यक्ष शिवहरि प्रसाद भट्टराईको अध्यक्षतामा आयोजि कार्यक्रममा राजविराज नगरपालिकाकी उपप्रमुख साधना झा, प्रहरी उपरिक्षक अभिनारायण काफ्ले, जेष्ठ नागरिक संघ प्रदेश २ समन्वय समितिका संयोजक शंकर सारदा, पूर्वकर्मचारी सेवा परिषद्का अध्यक्ष सुगम्बर यादव, समुदायिक सेवा प्रहरी मञ्चका अध्यक्ष हितनारायण लाल दास, पूर्वप्रधानाध्यापक बच्ची मिश्रा लगायतले शुभकामना दिँदै जेष्ठ नागरिकहरु समाजमा जिउँदा इतिहास रहेकाले उनीहरुबाट वर्तमान र भावी पुस्ताले धेरै कुरा सिक्नु पर्ने आवश्यकता माथी जोड दिए ।

जेष्ठ नागरिकप्रति उच्च सम्मान व्यक्त गर्न सरकारले यसै वर्षदेखी पुस ११ का दिन विविधि कार्यक्रमको आयोजना गरि जेष्ठ नागरिक दिवस मनाउने निर्णय गरेको हो ।

# छिन्नमस्तामा एक महिलाको हत्या

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिकामा पुनः एक महिलाको हत्या भएको छ । सो गाउँपालिकामा एक बृद्धको घाटी रेटी हत्या भएको एक महिना नबित्दै उक्त घटना दोहोरिएको हो ।

सो गाउँपालिका वडा नं. १ बरही विरपुरकी ५० वर्षिया भुटनी देवी यादवको सोमबार बिहान हत्या गरिएको अवस्थामा गहुँ खेतको खोल्सोमा मृत शरीर फेला परेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्ललेका अनुसार शवको प्रकृति र घटनास्थलमा भेटिएका प्रमाणको आधारमा यादवको हत्या भएको हो ।

यादवको टाउँकोमा बियरको बोतल प्रहार गरि हत्या गरिएको प्रारम्भिक अनुसन्धानले देखाएको उनले बताउँदै घटनास्थलमा २ वटा फुटेको र एउटा नफुटेको बियरको बोतल बरामद गरिएको उनले जानकारी दिए ।

प्रहरीले घटना बारे अनुसन्धानका लागि सोमबारै तालिम प्राप्त कुकुरको प्रयोग समेत गरेको छ । गत मंसिर ८ गते सोही गाउँपालिकाका वडा नं. ६ निवासी ८० वर्षिय मिश्रिलाल मण्डलको दिउँसो १२ बजेतिर घाँटी रेटी हत्या भएको थियो ।

# ब्राउन सुगरसहित दुई पक्राउ

**राजविराज**/प्रतिबन्धित ब्राउन सुगरसहित दुई जनालाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिका ३ का २८ वर्षिय परमानन्द साह र धनगढीमाई नगरपालिका ११ का २८ वर्षिय दिपेन्द्रकुमार महतो छन् ।

उनीहरुलाई प्रहरीले मोटरसाइकल चेकजाचको क्रममा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित सडकखण्डमा पक्राउ गरेको जनाएको छ । पक्राउ परेकाहरुको साथबाट प्रतिबन्धित ब्राउन सुगर ८ ग्राम ५ सय ५० मिलिग्राम बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

पक्राउ परेका सबैलाई सप्तरी जिल्ला अदालतबाट लागुऔषध मुद्दामा म्याद थप गराई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

➢ जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ ।
➢ सावधानीपूर्वक सवारी साधन चलाऔं ।
➢ हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
➢ सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
➢ सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।
आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# प्लान्ट संचालनमा निरन्तरता आवश्यक

बजेट आएको झण्डै ५ महिनाको अवधीमा अक्सिजन प्लान्ट राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा जडान भई संचालनमा आएको छ। यसअघि यस अस्पतालमा कोरोना महामारीको बेला बिरामीलाई अक्सिजनको अभावका कारण अन्यत्र रेफर गर्ने गरिएको थियो । अब यो समस्याबाट बिरामीलाई सहज भएको छ। यति मात्र नभएर प्लान्ट संचालनमा आएपछि अस्पताल आफूले उत्पादन गरेको अक्सिजन अन्य स्थानमा समेत पठाउने भएको छ ।

संचालनमा आएको प्लान्टबाट दैनिक २ सय ८० देखी २ सय ९० सिलिण्डर अक्सिजन उत्पादन हुने लक्ष्य रहेको छ। अक्सिजनको माग बढे उत्पादन बढाउन बैकल्पिक उपायको रुपमा अस्पताल परिसर मै थप एउटा लिक्वीड प्लान्ट समेत जडान गरिएको छ। अस्पतालमा १५ वटा भेन्टिलेटरसहित १५ शैयाको आईसियु र ४ वटा भेन्टिलेटर तथा २५ शैयाको अत्याधुनिक हाईडिपेन्सी युनिट सेवा समेत तैयारी अवस्थामा छ। गत भदौं महिनामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ३ करोड ७३ लाखको सहयोग प्राप्त भएको थियो ।

अस्पतालमा जडान भएको अक्सिजन प्लान्टले अन्य बिरामीहरुलाई समेत सहज हुने भएको छ। कोरोनाको बिरामी बाहेक अन्य बिरामीलाई समेत अन्य स्थानबाट अक्सिजन ल्याउने कार्य झनझिटिलो भइरहेकोमा अब यो सहज भएको छ। तसर्थ प्लान्ट संचालन हुनु जिल्लावासीलाई सकारात्मक हो तर, यसको संचालन र निरन्तरताका लागि अस्पताल प्रशासनलाई दुरगामी नीति बनाएर लैजानु पर्ने आवश्यकताका साथ चुनौती समेत थपिएको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ह्याप्पिनेस इज हेल्दी

डा कपिलदेव उपाध्याय




ह्याप्पिनेस इज हेल्दी १ यदि तपाईको मन प्रशन्न छ भने स्वास्थ्य पनि राम्रो छ। प्रशन्न मन वा चित्त हुनेहरुको शरिरको सबभन्दा सानो कोष स्वस्थ हुन्छ, शरिरका अंगहरु स्वस्थ हुन्छन । विभिन्न शारिरिक रोगहरुबाट जोगाउने रोग प्रतिरोधी क्षमता बलियो हुन्छ ।

प्रशन्न चित्त हुनेहरु आफ्नो काम जोश र जाँगरले चाख लिएर गर्छन, गरेको काम राम्रो हुन्छ । ध्यान दिएर गर्ने हुँदा गल्ती कम हुन्छ, र तोकिएको समयमै आफ्नो काम सम्पन्न गर्दछन ।

मानव विकासको क्रम हेर्ने हो भने जंगलमा वा गुफामा वस्ने, कन्दमूल र जनावरहरुको शिकार गरेर जीवन धान्ने र सधैं वन्यजन्तुवाट आक्रमण हुन्छ कि, कुनै अर्को समूहसँग लड्नु पर्छ कि भन्ने डर र त्रासमा वस्ने गर्दथे । त्यसवेलादेखि अहिलेसम्म पनि कसरी वाच्ने र कसरी सुरक्षित रहने भन्ने सोच मानवमा छ । मानिसमा मात्र नभएर सवै प्राणीमा सुखसँग वाँच्ने र अरुको आक्रमणबाट जोगिने चाहना हुन्छ । विकासको क्रममा जे जस्तो अनुभव मानिसहरुले गरे त्यसै अनुरुप मष्तिस्कको विकास हुँदै गएको देखिन्छ । त्यसैले भन्ने गरिन्छ, 'हाम्रो दिमाग बाँच्न र जोगिन निर्माण गरिएको हो, शान्ति र खुशीका लागि होइन । आन्तरिक द्वन्द्व, युद्धहरु झगडा र कुटपिटहरु र अरु भन्दा आफू अगाडि बढ्न प्रयास गर्ने बानी सायद मष्तिस्कको विकास र आफू राम्रोसँग वाँच्ने प्रयाससँग सम्बन्धित छ ।

आजको युगमा जंगलमा बस्ने वेलाको जस्तो असुरक्षा छैन, तर मानिस पूर्ण रुपमा सुरक्षित छ भन्ने अवस्था पनि छैन। चोरी, डकैती, गुण्डागर्दी, दमन, घरेलु हिंसा, यौन हिंसा, बलात्कार, जस्ता घटना एकातिर छन भने आतंकवादी गतिविधिहरु र आफू आफू नै लड्ने र एउटा समूहले अर्को समूहलाई खतम पार्न खोज्ने क्रम घटेको छैन । हातहतियार बनाउने र वेच्ने होडबाजी त छँदैछ । अर्थात मानव जातिमा अहिले बाँच्ने र जोगिनेमा खासै फरक आएको छैन । सबभन्दा बढी डर पैदा गर्ने कारण पनि यी दुई हुन नकारात्मक सोचहरु बढी आउने कारण यस्तै विभिन्न डर, त्रास र असुरक्षा नै हो ।

मानिस चाहन्छ खुशी, आनन्द, प्रशन्नता, सुरक्षा आदि। मष्तिष्कको प्रोग्रामिङमा बाँच्ने र जोगिने भएकाले यसलाई रि-प्रोग्रामिङ गरे मात्र खुशी र आनन्द प्राप्त गर्न सकिन्छ । मेरो मन खुशी भइरहोस भन्ने कुरा चाहना गर्दैमा प्राप्त हुने होइन । यसको लागी नियमित अभ्यास र प्रयासको आवश्यकता छ ।

जस्तो अनुभव मष्तिष्कले गर्छ त्यस्तै किसिमको परिवर्तन मष्तिष्कमा हुन्छ भन्ने विज्ञानले प्रमाणित गरिसकेको छ । त्यसो भए सकारात्मक सोचको लागि, खुशीको लागि, प्रशन्न चित्तको लागि के-कस्ता क्रियाकलापहरु गऱ्यो भने परिवर्तन ल्याउन सकिन्छ त ?

- आफ्नो असल मित्रहरुसँग मित्रता कायम राखिराख्ने ।
- नयाँ- नयाँ कुराहरु सिक्ने, सानै भएपनि सिर्जनशील कार्यहरु गर्ने ।
- दुःखमा परेको, अप्ठेरोमा परेको व्यक्तिलाई सहयोग गर्ने ।
- अरुहरुको सधैं राम्रो होस भन्ने चाहना राख्ने ।
- जे छ जस्तो छ त्यसमा चित्त वुझाउने, रमाउन सिक्ने र खुशी हुने । सकभर सरल तरिकाले जीवन जीउने ।
- आनन्दसँग रमाएका दिनहरुको बेला बेलामा सम्झना गर्ने, कल्पना गर्ने र खुसश भएको अनुभव गर्ने ।
- राती सुत्ने बेलामा आज मैले के-के राम्रो काम गरें भन्ने सम्झने । मन पर्छ भने नोटवुकमा लेख्ने गरेपनि हुन्छ ।
- बिहान उठेर आजको दिन राम्रोसँग विताउँछु, आज रिसाउदिन, रिस उठिहाले पनि नियन्त्रण गर्छु भन्ने प्रण गर्ने ।

दलाइ लामा आफ्नो पुस्तक एडभाइस अन डाइङमा दिमागले शान्त, आराम र खुशी महशुस गरेको छ भने मात्रै खान मीठो लाग्छ र लगाएको मन पर्छ भनेका छन ।

हुनपनि हो, हामीलाई डर छ, त्रास छ, मन दुखी छ, शंका छ भने हामीले खान, लाउन र खुसीसँग जीवन विताउन पनि सकिरहेका हुदैनौं । मन खुसी छ भने, प्रशन्न छ भने हामी जीवन रमाएर विताउन सक्छौं ।

यहाँ सधै अरु प्रति राम्रो भाव राख्ने र अरुको सधै राम्रो होस भन्ने भावना ल्याउन निकै कठिन छ । आफुलाई राम्रो गर्नेहरु प्रति आफुलाई माया गर्नेहरुप्रति त यो भावना प्राय आउछ नै । तर, आफूलाई नराम्रो गर्ने, आफ्नो कुभलो चिताउने सधैं कुरा काट्ने कसरी दुःख दिउँ भन्नेहरु प्रति पनि सदभाव राख्ने, उनीहरुको राम्रो चिताउने र बदलाको भावना मनमा आउन नदिने प्रयास निरन्तर गर्नुपर्छ ।

रिस र घृणा गर्ने कारण नै चित्त प्रशन्न राख्नको लागि वाधक हुँदो रहेछ । रिस र घृणा गर्नेहरुको मशितस्क अझ बढी रिस र घृणा गर्न सक्ने हुँदो रहेछ भने अरुले जे जस्तो गरेपनि आफुले उनीहरुको राम्रो होस भन्ने प्रयास गरि राख्यो भने मशितस्कमा पनि त्यस्तो गर्न सक्ने क्षमता वढ्दो रहेछ ।

शाक्य मुनि वुद्धले भन्नु भएको र अति नै महत्व पूर्ण मानिएको एउटा भनाई छ, 'घुणाले संसारमा घृणाको अन्त्य गर्न सकिदैन । घृणाको अन्त्यका लागि प्रेम चाहिन्छ । यसलाई पालन गर्न सकियो भने मात्रै द्वेष र घृणाको चक्रवाट मुक्त हुन सकिन्छ । द्वेष र घृणा छैनन भने त मन प्रशन्न र शान्त हुन्छ । यहाँ मन खुशी हुने भनेको जति वेला पनि हाँस्न मन लाग्ने र विना कारण प्रशन्न भइरहने भन्न खोजेको भने होइन । मनमा चिन्ता, डर, दुःख जस्ता भावना हुँदैनन र मन शान्त हुन्छ र आनन्दको अनुभव हुन्छ भनेको हो । मन तनाव रहित र शान्त हुन्छ, आनन्दको अनुभव हुन्छ भने यसले स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ । स्वास्थ्य खबरबाट

## गाजाका बोटहरु नष्ट

**राजविराज**/जिल्ला प्रहरी कार्यालय सप्तरीले अवैध रुपमा लगाइएको ४ हजार ७ सय ९ गाजाका बोटहरु फडान गरेको छ ।

जिल्लाको विभिन्न स्थानमा अवैध रुपमा लगाइएको गाँजा खेती फडानी गर्दै जिल्ला प्रहरी कार्यालयमा ल्याई नष्ट गरिएको हो ।

प्रहरीका अनुसार आर्थिक वर्ष २०७८/७९ को साउनदेखी हालसम्मको अवधीमा ७ हजार ४ सय ६९ गाँजाको बोट फडानी गरि नष्ट गरिएको छ ।



छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# नेपाल जनस्वास्थ्य संघसँग जनस्वास्थ्यकर्मीको अपेक्षा

**जनस्वास्थ्य पौडेल**

जनस्वास्थ्य व्यवसायीह?को हकहित, क्षमता अभिवृद्दि र सीप विकास गर्दै नेपालको स्वास्थ्य क्षेत्रमा योगदान दिने उदेश्यले २०४७ सालमा खोलिएको नेपाल जनस्वास्थ्य संघ (नेफां) लगभग ३१ वर्षे परिपक्क संस्था वनेको छ । सामान्यतया नेपाल जनस्वास्थ्य संघको खासै चर्चा हुँदैन । चुनावको वेला फेसवुकको हल्लिखल्ली वाहेक अरुवेला नेफा भनेर हामी जनस्वास्थ्यकर्मी नै होस न जनस्वास्थ्यकर्मीहरुको म्याण्डेट पाएर चयन भएका पदाधिकारी नै हुन त्यति चासो दिने चलन छैन ।

नेपालमा जनस्वास्थ्य व्यवसायीको पेसागत संस्था रहेछ है भनेर थाहा पाउने अनि मिडियाहरुमा जनस्वास्थ्य संघको नाम आउने भनेकै दुई वर्षमा एकफेर चुनाव कै वेला हो । आगामी पौष २४ गते नेपाल जनस्वास्थ्य संघ केन्द्रीय कार्य समितिको निर्वाचन हुन गैइरहेको छ । हरेक दुई वर्षमा हुने नयाँ कार्यसमितिको छनोट हुनुभन्दा अगाडी, अब नयाँ समिति आएपछि केहि हुन्छ कि भन्ने सधैं आशा लाग्छ केही रचनात्मक सल्लाह सुझाव र अपेक्षा पेश गर्न उत्प्रेरणा जाग्छ । त्यसैले वजार तातेको वेला जनस्वास्थ्यकर्मीहरु चुनावी माहोलमा लागेकोवेला एक जनस्वास्थ्यकर्मीको हैसियतले आफ्नो पेशागत संस्था संघ केही अपेक्षा प्रस्तुत गर्ने जमर्को गरेको छु ।

**हालसम्मको अवस्था**

नेफा र मेरो जन्म लगभग लगभग उस्तै वेला भएको भएर नेफाको सुरुवाती चरणका प्रयास र योगदानहरुलाई नजिकवाट नियाल्ने र वुझ्ने मौका पाएको छैन तर विगत १०-११ वर्षबाट निरन्तर नेफालाई वुझेको र हेरेको अनुभवको निस्कर्ष स्पष्ट छ कि नेफाले जनस्वास्थ्यकर्मीहरुका अपेक्षा पुरा गर्न सकेको छैन ।

जनस्वास्थ्य संघको ३१ औ वर्ष जीवनकालसम्म धेरै किसिमका व्यक्तिहरुले नेतृत्व गरे, आफ्नो-आफ्नो स्थानबाट सस्था र जनस्वास्थ्य व्यवसायीहरुको हकहित र विकासको लागि योगदान दिने प्रयास गरे तर जुन हिसाबमा जनस्वास्थ्यकर्मीहरुको अपेक्षा रहन्छ त्यो भने आजसम्म पनि पुरा हुन सकेको अवस्था छैन ।

विगतका अरु समितिहरुले के-कति योगदान पुऱ्याए त्यसको मुल्याङकन र समिक्षा विस्तारै हुँदै जानेछ । हाललाई भर्खरै आफ्नो कार्यकाल पुरा गरेको समितिले के कति गरेको छ भन्ने कुरा छोटकरीमा समिक्षा गर्न चाहन्छु । जनस्वास्थ्य संघको इतिहासमै पहिलो पटक प्रदेशमा समेत चुनाव सम्पन्न भएर वनेका नेपाल जनस्वास्थ्य संघका समितिहरुसंग धेरै अपेक्षा गरिएको थियो । केहि प्रदेशमा वाहेक प्रदेशहरुमा तामझामसहित पुरै देश नै जनस्वास्थ्यकर्मीमय बन्छ कि भन्ने जस्तो गरेर चुनाव सम्पन्न गरिएको थियो । तर त्यो माहोल चुनाव सम्पन्न भए पश्चात सेलायो र समितिहरु अपेक्षा गरे अनुरुप सक्रिय हुन सकेनन । कोभिड-१९ ले गर्दा काम गर्न सकिएन भनेर सजिलो उत्तर दिन मिल्ने अवस्था भएता पनि जनस्वास्थ्यकर्मीहरुको अपेक्षा अनुसार काम हुन पटक्कै सकेन ।

चुनावबाट छानिएर आएको समिति भएको हुँदा वातावरण सहज-असहज जे जस्तो भएता पनि नेफाको समितिले केही काम गर्ने प्रयास भने गरेको थियो, त्यसलाई हामीले सम्झनै पर्छ । नेपाल कै पहिलो जनस्वास्थ्य सम्मेलन, नयाँ वेवसाईट, १५-१६ वटा पव्लिक हेल्थ डाईलग, स्वास्थ्यका विभिन्न ट्रेड युनियन तथा पेशागत संघसंस्थाहरुसंग सहकार्य गरी स्वास्थ्य क्षेत्र सुधारको निम्ति माग पेश, वार्ता तथा सहमतिमा सानो ठुलो भूमिका निर्वाह, कोभिड-१९ तथा स्वास्थ्यका समसमायिक विषयहरुमा ६-७ वटा अन्तरवार्ता, एक दुईवटा पत्रकार सम्मेलन, कोभिड-१९ को महामारीमा सरकारलाई सहयोग गर्न भोलेण्टियर आह्वान, कोरोना भाइरस रोगको रोकथाम तथा नियन्त्रणका वारेमा केहि सुचना सन्देशहरु फेसवुक पेजमा पोष्ट, आजिवन सदस्यहरुलाई प्रमाणपत्र वितरण, संघीय संरचनामा स्वास्थ्य नीति र संरचनाबारे स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा राय सुझाव दिन स्वास्थ्य क्षेत्रको नीति तथा संगठनात्मक संरचना, स्वास्थ्य क्षेत्रको पुर्नसंरचनानाको बारेमा आफ्नो धारणा बनाउन सम्वन्धित विज्ञहरुसंग परामर्श कार्यक्रम, नेपाल जनस्वास्थ्य संघ केन्द्रिय कार्यालय थापाथली, काठमाण्डौबाट ताल्छिखेल, ललितपुरमा सार्ने काम, जर्नल या नेपाल पब्लिक हेल्थ एसोसिएसन प्रकाशन गर्नुपर्छ भनेर सक्रियता, कोभिड-१९ विरुद्ध नागरिक अभियानमा सहभागी, केहि थान हार्दिक श्रदाञ्जली व्यक्त, केहि वधाई, केहि शिघ्र स्वास्थ्य लाभको कामना सम्वन्धी फेसवुकमा पोष्ट, एकरदुई वोल्नैपर्ने र नपर्ने जागिरे सवालमा विज्ञप्ति प्रकाशन, सरुवा पदस्थापन सम्बन्धी केहि वकालत र प्रयासहरु भएका थिए ।

**आगामी समिति**

हुन त नेफाको कार्यसमितिको खाका विधान अनुसार समावेशी नै छ, तर अवको कार्य समिति चयन गर्दा पेसा, विषय विशेषज्ञताको आधारमा समावेशी कार्यसमिति बनाउन जरुरी छ । सरकारी, गैर सरकारी, एकेडेमीक क्षेत्रमा आवद्ध भएका तथा जनस्वास्थ्यका विभिन्न विधाहरुमा काम गर्ने सबै किसिमका योग्य व्यक्तिहरुलाई कार्यसमितिमा ल्याउन सकियो भने केहि हुन्छ कि भन्ने आशा अझै जिवितै छ । त्यसैले हामी मतदाताको हिसाबले कसलाई भोट हाल्ने, कसलाई जिताउने कसलाई हराउने भनेर सोच्न भन्दा पनि हालका उमेद्वार मध्ये को आयो भने के कति योगदान पुग्न सक्छ, कसको कुन कुरामा विज्ञता छ, कसको लिडरसीप तथा व्यवस्थापन राम्रो छ, कसको प्रोफाईल राम्रो छ, कसको इण्फ्लुन्सिङ क्षमता बढी छ, कसले धेरै समय दिन सक्छ, पहिला समितिमा रहेर काम के कस्तो राम्रो नराम्रो उपलब्धीमुलक थियो थिएन जस्ता विषयहरुलाई नियालेर कार्य समिति छनोट गर्न जरुरी छ ।

**केही अपेक्षा र नयाँ समितिले प्राथमिकता दिनुपर्ने कामहरु**

कोभिड-१९ को महामारीले गर्दा विश्वभर जनस्वास्थ्य क्षेत्र चिनिएको मात्र छैन अहिले सबै सरोकारवालाहरुको पहिलो प्राथमिकताको विषय वन्न पुगेको छ । स्वास्थ्य भन्ने शब्द नै उच्चारण नहुने राजनीतिक नेतृत्वको भाषणहरुमा अहिले जनस्वास्थ्य गुन्जयमान छ । स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्छ भन्ने कुरा जनतादेखि ठूला राजनीतिक व्यक्तित्वहरुले समेत राखिरहेको वेला जनताका लागि, जनतासंगै रहेर जनता कै स्वास्थ्य अवस्था सुधार गर्न तल्लिन जनस्वास्थ्यकर्मीहरुको विकास र क्षमता अभिवृद्धि गर्न नेफाले महत्वपुर्ण भूमिका निर्वाह गर्ने उपयुक्त वेला आएको छ । नेफाको नयाँ समितिले प्राथमिकता सहित गर्नुपर्ने केही कामहरु, अपेक्षाहरु तथा रचनात्मक एजेण्डाहरु निम्नानुसार राखेको छु ।

**क.** मोवाईल एपः सबै किसिमका फिचर सहित नेफाको राम्रो मोवाईल एप निर्माण गर्ने र हरेक जनस्वास्थ्यकर्मीहरुलाई हातहातमै नेफा संघ जोड्ने । जनस्वास्थ्यकर्मीले आफ्नो विवरण आँफै अपडेट गर्न सकियोस, नयाँ जनस्वास्थ्यका व्यवसायीहरुले आफ्नो सदस्यताको लागि त्यही मोवाईल एपवाट दरखास्त दिन मिलोस । एपमा दर्ता भएका जनस्वास्थ्यकर्मीहरुको विवरण सुरक्षित राखेर आवश्यकता परेको वेला वा आपतकालिन अवस्थामा नेफाले त्यसलाई सदुपयोग गर्दै प्रयोग गर्न सकिने सिस्टमको निर्माण गर्ने । मोवाईल एपले जनस्वास्थ्यकर्मीहरुको हालको अवस्था थाहा पाउन, आवश्यकता अनुसार रोस्टर तयार गर्न, परिचालन गर्न तथा हाम्रो जनस्वास्थ्य क्षेत्रका विभिन्न विधा र विज्ञहरुको अवस्था थाहा पत्ता लगाउन पाइयोस । विषयविज्ञहरुको उत्पादन तथा परिचालनको योजना वनाउन समेत सरकार, विश्वविधालय तथा अन्य सरोकारवालाहरुलाई प्राविधिक सहयोग गर्न सक्नेछ ।

**ख.** सदस्यता र नेटवर्क विस्तारः विधान वमोजिम सदस्यता पाउन सक्ने व्यक्ति सबैलाई सदस्यता दिलाउने प्रयासलाई अग्रसरता सहित लाग्ने, हरेक जनस्वास्थ्यकर्मी नेफाको सदस्य भएको सुनिश्चितता गर्ने । सबै जिल्लाहरुमा जिल्ला नेफा समन्वय समिति गठन गर्ने, पालिकाहरुमा पुगेमा समिति नपुगेमा नेफा फोकल पर्सनको जिम्म्वारी दिने ताकी हरेक स्थानीय तह, जिल्ला, प्रदेश र संघमा सरकारको एउटा राम्रो साझेदार संस्था नेफा छ भनेर सुनिश्चित गर्न सकियोस ।

**ग.** अन्तराष्ट्रिय समन्वय र सम्झौताः विश्वभर छरिएर रहेका नेपालका जनस्वास्थ्यकर्मीहरुको क्षमता तथा ज्ञानलाई नेपालको स्वास्थ्य क्षेत्रमा सदुपयोग गर्न सहजिकरण गर्ने उदेश्य सहित हरेक देशमा नेफाको सम्पर्क समिति गठन गर्ने तथा विभिन्न देशहरुमा कृयाशिल जनस्वास्थ्यका संघ संगठन तथा सोसाईटीहरुसँग दुईपक्षीय सम्झौता गरी विभिन्न क्षमता अभिवृद्दिका कृयाकलापहरु (Professional Exchange Program, Flleowship, studentship, Scholarships) गर्ने ।

**घ.** जनस्वास्थ्य सम्मेलनः हालको समितिले सुरुवात गरेको जनस्वास्थ्य सम्मेलनलाई निरन्तरता दिने तथा राष्ट्रियस्तरमा पोलिसी डाईलग हुने किसिमका बिभिन्न गतिविधिहरु कम्तिमा पनि महिनामा एउटा विषयवस्तुमा केन्द्रीत रहेर छलफल कार्यक्रम आयोजना गर्ने ।

**ङ.** Continuing Professional Development (CPD)/Continuous Public Health Education Program र जनस्वास्थ्य व्यवसायीहरुलाई आवश्यक पर्ने विषयवस्तुहरुमा CPd सन्चालन गर्न गाइडलाइन निर्माण गर्ने तथा जनस्वास्थ्यकर्मीहरुलाई अपडेट गराउन अनलाइन इ लर्निङ सिस्टम, विभिन्न सेमिनार तथा महत्वपुर्ण दिवसहरु मनाउने ।

**च.** Mentorship, Feowship & Paid Internship: नेफाको नँया सदस्यहरुलाई अनुभवका लागि कुनै निश्चित समयको लागि विभिन्न संघसंस्थासँग सम्झौता गरी केही निश्चित कोटा निर्धारण गरी Feowship, Paid internship को व्यवस्था गर्ने र अनुभवका लागि भोलेन्टिर गर्नुपर्ने वध्यता हटाउने । नव उदयमान जनस्वास्थ्यकर्मीहरु सिनियर जनस्वास्थ्यकर्मीहरुसंग पेयरिङ गरेर मेण्टरशिप कार्यक्रमहरु संचालन गर्ने । नेफाको सदस्य भएको नँया सदस्यहरुलाई अवसर दिने व्यवस्था गर्न सकेमा नेफाको सदस्य हुन समेत प्रोत्साहन मिल्नेछ ।

**छ.** राष्ट्रिय जनस्वास्थ्य दिवसः नेपाल जनस्वास्थ्य संघको स्थापना दिनलाई राष्ट्रिय जनस्वास्थ्य दिवस घोषणा गर्ने र आधिकारिकताको लागि सरकारसँग आवश्यक सहकार्य गर्ने र स्वास्थ्य प्रवर्द्धनका गतिविधीहरुलाई देशव्यापी भब्य रुपमा हरेक वर्ष मनाउने ।

**ज.** स्वास्थ्य प्रणालीको बैज्ञानिक समिक्षाः संघीयता पश्चात हाल कार्यान्वयनमा रहेको स्वास्थ्य प्रणालीको बैज्ञानिक समिक्षा गरी स्वास्थ्य क्षेत्रको पुर्नसंरचना गर्नको लागि सबै आयामहरुलाई व्याख्या गरिएको विस्तृत आधार पत्र तयार गरी नेफाको आफ्नो आधिकारिक धारणा सहित सरकारलाई पेश गर्ने र कार्यान्वयनको लागि वहस, पैरवी तथा वकालत गर्ने ।EPHa Journal, monthly

*बाँकी चार पृष्ठमा*


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# काँग्रेस रूपान्तरणका १२ सूत्र



विजयराज अधिकारी

पुस्तान्तरण र रूपान्तरणको तीव्र बहसका बीच सम्पन्न नेपाली काँग्रेसको चौधौं महाधिवेशनले सभापति शेरबहादुर देउवालाई सर्वशक्तिमान बनाइदिएको छ । महाधिवेशनको मत परिणामअनुसार तीन चौथाइभन्दा बढी जनमत देउवाको पक्षमा देखिएको छ । पदाधिकारी र केन्द्रीय समितिमा देउवा बलशाली बनेका छन । १ सय ३४ निर्वाचितमध्ये पदाधिकारीमा ( कोषाध्यक्ष र प्रवक्तासमेत जोड्दा) १० जना देउवा पक्षका छन । केन्द्रीय सदस्यमध्ये देउवापक्षका ९९ छन । केन्द्रीय समितिमा ३३ जना मनोनीत गर्न पाउने सभापतिको अधिकार बाँकी नै छ । विधानअनुसार गठन हुने कार्यसम्पादन समिति र संसदीय समितिमा पनि देउवालाई अब कसैले चुनौती दिन सक्ने देखिँदैन । यसको अर्थ काँग्रेसमा अब देउवाले जे चाहन्छन्, त्यही गर्न सक्छन भन्ने हो ।

चौधौं महाधिवेशनको परिणामसँगै काँग्रेसभित्र पार्टी सहमति, सहकार्य र एकताको विचार र भावनाअनुरूप चलाउने कि विधानको अक्षर हेरेर भन्ने यक्षप्रश्न खडा भएको छ । सभापति देउवा काँग्रेसमा सम्पूर्ण एकता चाहन्छन । सबैलाई समेटेर सबैको भावना प्रतिनिधित्व हुनेगरी निर्णय गर्ने देउवाको स्वभाव नै हो । तर, पार्टी विधानअनुसार चल्नुपर्ने आवाज सबैभन्दा धेरै देउवातिरै चोर औंला ठड्याएर लगाउने गरिएको छ । अब देउवालाई चोर औंला ठड्याउँदा आफूतिरै फर्किएका चारवटा औंलाको मर्म नबुझेझैं गर्नेहरूले के भन्छन भन्ने सवाल पनि महत्वपूर्ण हुन आउँछ । सभापति देउवाका लागि सबैभन्दा सहज विधानअनुरूप पार्टी चलाउनु हुनेछ । तर, कानुनको साँघुरो किल्लाभित्र न्यायको हत्या नहोस भन्ने वीपी कोइरालाको मार्गदर्शनबाट प्रेरित सभापति देउवाले सहज बाटोभन्दा पार्टीभित्र सम्पूर्ण एकता कायम हुने बाटो नै तय गर्नु उपयुक्त देखिन्छ । देउवाका लागि अब गुट-उपगुटबाट बच्ने र इतिहास रच्नेभन्दा अर्को कुनै स्वार्थ छैन । अब देउवाको नेतृत्वमा अघि बढ्ने रूपान्तरणसहितको काँग्रेसको मार्गचित्र निम्नअनुसार हुनु उपयुक्त देखिन्छ ।

**१. पार्टीभित्र सम्पूर्ण एकता**

नेपाली काँग्रेसको विधानअनुसार सभापति देउवा दोस्रो कार्यकालका लागि अर्थात अन्तिम पटकका लागि सभापति निर्वाचित भएका हुन । देउवाका लागि पार्टीभित्र 'तेरो-मेरो भन्ने कोही पनि छैनन । देउवा काँग्रेसमा नेताहरूका पनि नेता हुन । त्यसैले पार्टीभित्र सम्पूर्ण एकता कायम हुनेगरी सबैलाई योग्यता र क्षमताअनुसारको जिम्मेवारी दिन कुनै कन्जुस्याइँ गर्नुहुँदैन । विभागहरूको गठन तुरुन्तै गरिनुपर्दछ । 'राइट म्यान राइट प्लेस कामको मूल्याङ्कन र त्यहीअनुसार दण्ड र पुरस्कारको संस्कृति काँग्रेसमा तत्काल सुरु हुनु जरुरी छ । अब सभापति देउवा विधानलाई टेक्ने र सबैको भावना समेट्ने गरी सन्तुलनकारी भूमिकामा अघि बढ्नुपर्छ ।

**२. चलायमान भातृसंस्था**

नेपाली काँग्रेसका भातृसंस्थाहरू चलायमान हुन सकेका छैनन । वर्षौंदेखि लथालिंग अवस्थामा पुगेका भातृसंस्थामध्ये तरुण दल र नेविसंघका बहालवाला अध्यक्षहरू काँग्रेस केन्द्रीय समितिमा निर्वाचित भइसकेका छन । हाल यी महत्वपूर्ण संस्थाको नेतृत्व खाली भएको अवस्था छ । त्यसैले नेविसंघ, तरुणदल, महिलासंघ, दलित संघलगायत सबै भ्रातृ तथा शुभेच्छुक संस्थाहरूमा नयाँ नेतृत्व चयन गरेर पार्टीलाई गतिशील बनाउन ढिलाइ गर्नुहुँदैन ।

**३. चुनावकेन्द्रित रणनीति**

नेपाली काँग्रेसले अब स्थानीय तहदेखि प्रदेश र संघीय संसदको चुनावकेन्द्रित रणनीति तत्काल तय गरिहाल्नुपर्दछ । गठबन्धन सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री नेपाली काँग्रेसको सभापति पुनः निर्वाचित भएको सन्दर्भमा गठबन्धनका अन्य दलहरूसँगको सहकार्य र प्रतिस्पर्धाको राजनीतिबीचको स्पष्ट लक्ष्मणरेखा तय हुनुपर्दछ । काँग्रेस एक्लै निर्वाचनमा प्रतिस्पर्धामा उत्रनुपर्दछ । निर्वाचनमा गठबन्धनलाई बढावा दिनु काँग्रेस कार्यकर्ताको मर्म र भावनाविपरित हुनेछ । तथापि, दुःखमा साथ दिने तथा सहकार्यको हात फैलाउने शीर्ष नेताहरूलाई सघाउने रणनीतिक योजना काँग्रेससँग हुनु जरुरी छ ।

**४. सुशासन, महँगी नियन्त्रण र राहत**

नेपाली काँग्रेसको महाधिवेशन उद्घाटन सत्रमा प्रधानमन्त्री तथा सभापति देउवाले ओलीराजको अन्त्य र वर्तमान सरकारको गठनपछि जनमानसमा त्राहिमामको अवस्था नरहेको बताएका थिए । देउवा नेतृत्वको सरकार बनेपछि स्वेच्छाचारी शासनको अन्त्य भएको, शक्ति सन्तुलन कायम भएको, शान्ति सुरक्षा र भयमुक्त वातावरण तयार भएकै छ । तर, सुशासन र महँगी नियन्त्रणमा पर्याप्त काम हुन सकेको छैन । महामारीको समेत मार खेपेका विपन्न वर्गले राहतको अनुभव अझै गर्न सकेका छैनन । त्यसैले राहतको प्याकेज सार्वजनिक गर्न सुशासन र महँगी नियन्त्रणको प्रभावकारी काम अघि बढाउन काँग्रेस नेतृत्वको वर्तमान सरकारले पहलकदमी लिनु जरुरी छ । सरकार जनताको साथमा छ भन्ने सन्देश व्यवहारतः प्रमाणित गर्न सक्नुपर्दछ ।

**५. दस वर्षे योजना**

नेपाली काँग्रेसले अबको दस वर्षभित्र नेपाललाई कहाँ पुर्याउन चाहन्छ ? आर्थिक रूपान्तरण र सामाजिक न्यायको पक्षमा काँग्रेसको योजना के हो ? समृद्ध देश बलियो काँग्रेस बनाउने सभापति देउवाको कार्ययोजनालाई कसरी साकार बनाउने हो ? यी प्रश्नहरूको जवाफ अब काँग्रेससँग जनताले खोजिरहेको छ । नवनिर्वाचित युवा महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाले काँग्रेसको दस वर्षे योजनाको खाका तत्काल तयार गरी पार्टीमा पेस गर्नुपर्दछ । त्यसलाई काँग्रेसको केन्द्रीय समिति हुँदै नीति तथा विधान अधिवेशनमा पेस गर्ने र पारित गरी लागू गर्नेतर्फ अग्रसर हुनुपर्दछ ।

**६. शिक्षा र स्वास्थ्यमा आमूल सुधार**

सामुदायिक शिक्षा र सरकारी स्वास्थ्य संस्थाहरूको बेहाल अवस्थाप्रति सबै भुक्तभोगी छन । यसको सुधारका लागि तत्काल पहल थाल्न ढिला भइसकेको छ । 'अस्पताल गए सम्पत्ति स्वाहा, नगए ज्यान भन्ने मनोविज्ञान चिर्न काँग्रेस सफल हुनुपर्दछ । सामुदायिक विद्यालयमा छोराछोरी पढाउन उत्साह उत्पन्न गर्ने गरी सामुदायिक शिक्षामा सुधारको पहल काँग्रेसले लिनु जरुरी छ ।

**७. नेपालको धन : जलस्रोत कृषि र पर्यटन**

ऊर्जा, कृषि र पर्यटनको माध्यमबाट रोजगारी सिर्जना उत्पादन वृद्धि र औद्योगीकरणको माहोल तयार गरेर बिदेसिएका लाखौं युवाहरूलाई स्वदेशमै फर्कौं र बसौं-बसौं लाग्ने वातावरण तयार गर्ने दायित्व काँग्रेसले भुल्नु हुँदैन ।

**८. प्रविधिमैत्री संरचना र भएका कामको प्रचार**

काँग्रेसको केन्द्रीय कार्यालय व्यवस्थापनमा आमूल सुधारको जरुरी छ । देशभरका कार्यकर्ताको गुनासो र समस्या तत्काल सुन्न र व्यवस्थापन गर्न सक्ने संयन्त्र तयार हुनुपर्दछ । झन्डै १० लाख क्रियाशील सदस्य भएको पार्टीको कुनै एक सदस्यलाई आपत पर्दा एक व्यक्तिको एक रुपैयाँ भन्ने अवधारणाअनुसार तत्काल १० लाख रुपैयाँ सहयोग उपलब्ध हुन सक्ने वातावरण तयार गरिनुपर्दछ । केन्द्रको निर्णय पत्र, परिपत्र तत्काल तल्लो तहसम्म पुग्ने गरी प्रविधिको प्रयोगलाई चुस्तदुरुस्त बनाउन सक्नुपर्दछ । काँग्रेस नेतृत्वमा विगतमा थुप्रै आर्थिक, सामाजिक सुधारका प्रयासहरू भएका छन । वर्तमान सभापति देउवाकै नेतृत्वमा पनि सुधारका दर्जनौं काम भएका छन । तर, त्यसको प्रचार गर्दा हामी ओझेलमा पर्छौं, देउवा नायक बन्छन भन्ने मान्यताका आधारमा पनि पूर्वाग्रहवश त्यसको प्रचार भएको छैन, जसको घाटा सिंगो काँग्रेसले बेहोर्नुपरिरहेको छ । अब काँग्रेसले यसतर्फ पनि ध्यान पुर्याउन सक्नुपर्दछ ।

**९. नम्र बोली, समानताको व्यवहार**

नेपाली काँग्रेसको महाधिवेशन उद्घाटन समारोहमा महामन्त्री तथा नवनिर्वाचित उपसभापति पूर्णबहादुर खड्काले हाम्रा बोली व्यवहार र आचरणले तपाईंहरूलाई अपमान महसुस भएको भए क्षमा दिनुहोला भनेर समग्र काँग्रेसजनसँग माफी माग्नुभएको थियो । साँच्चै काँग्रेस नेताहरूको बोली व्यवहार र आचरणमा नम्रता, भद्रता भन्दा मैमत्त र बढप्पन प्रकट हुने गरेको देखिन्छ । लोकतन्त्रमा कोही राजा र कोही रैती हुँदैनन, सबैलाई सम्मान गर्ने समानताको व्यवहारमा काँग्रेस नेताहरू खरो उत्रन सक्नुपर्दछ ।

**१०. जनताको साथमा काँग्रेस**

'युवा हाम्रा साथी भरोसा काँग्रेसमाथि भन्ने दृष्टिकोणअनुसार सामाजिक आर्थिक परिवर्तनका लागि युवाहरूलाई सहभागी गराउनुपर्दछ । जनताको सुख-दुःखमा साथ दिने, जनताकै बीचमा रमाउने, चर्का भाषण र नारामा होइन, व्यवहारमा काँग्रेस भेटिने वातावरण तयार गर्नुपर्दछ । ठूल्ठूला दर्शन होइन, स-साना सहयोग र सुधार आमजनमानसले खोजिरहेका छन । दुःखमा सामान्य मद्दत र राहत एवं सुखमा साथ दिने साथी र सहयोगी नेता आमजनताले खोजिरहेका छन । यसतर्फ काँग्रेसको ध्यान जानु जरुरी छ । रूपान्तरणका यस्ता प्रयासहरू थालनी गरे मात्र काँग्रेसले जनताको मत र भरोसा प्राप्त गर्न सक्नेछ । पुरानै पारा र ढर्रा कायम रहिरहने हो भने काँग्रेसको विनाशलाई कसैले रोक्न सक्ने छैन ।

**११. सन्तुलित विदेश नीति**

आजको दुनियाँ विश्वव्यापीकरणको दुनियाँ हो । अन्तर्राष्ट्रिय सम्बन्ध र छिमेकसँगको पारस्परिक सहयोगविना कुनै पनि मुलुक अघि बढ्न सक्दैन । अझ नेपालजस्तो भारत र चीनजस्ता विशाल छिमेकी मित्रराष्ट्रको बीचमा रहेको नेपालले आफ्नो राष्ट्रिय स्वाभिमान र स्वार्थलाई अक्षुण्ण राख्दै अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित गर्न सक्नुपर्छ । नेपालको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टी भएको नाताले काँग्रेसले यी सबै पक्षलाई ध्यानमा राखेर दुवै छिमेकी र अन्य मित्रराष्ट्रहरूसँगको असल र दिगो सम्बन्धमा आधारित परराष्ट्र नीति तय गरी अघि बढ्नुपर्दछ ।

**१२. विदेशमा रहेका नेपालीलाई मताधिकारको ग्यारेन्टी**

नेपाली काँग्रेसले विदेशमा श्रम गर्न बाध्य सबै नेपालीलाई मतदानको अधिकार सुनिश्चित गर्नेतर्फ ध्यान दिनु जरुरी छ । बाध्यताले आमचुनावमा सहभागी हुन नपाउने अवस्थाको अन्त्य गर्दै श्रम गन्तव्य मुलुकबाटै मतदान गर्न पाउने नागरिक अधिकार रक्षाका लागि काँग्रेसले पहलकदमी लिनुपर्दछ । रोतोपाटीबाट




## नेपाल जनस्वास्थ्य ...

newsletters, plan, policy update memos नियमित प्रकाशन गर्ने ।

भ. जनस्वास्थ्यको सवालमा समय मै धारणा राख्ने: विश्व समुदाय, राष्ट्रिय तथा स्थानीयस्तरमा आउने जनस्वास्थ्यका सरोकारका विषयवस्तु तथा मुद्दाहरुमा तत्काल अध्ययन गरी आफ्नो आधिकारिक धारणा, टेक्निकल नोट तथा प्रेस विगेप्ति तत्काल जारी गरिहाल्ने संघको भिजिविलिटी तथा प्राविधिक इन्फ्लुन्स देखाईहाल्ने ।

यस्ता कामहरु गर्न सकेमा पक्कै पनि नेपाल जनस्वास्थ्य संघको भिजिविलिटी, सकृयता र जनस्वास्थ्यकर्मीहरुको विकास हुँदै अन्तत स्वास्थ्य क्षेत्रमा योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ ।

**र अन्त्यमा**

नेफाको कार्यसमितिमा रहेर केहि योगदान दिन्छु भनेर विभिन्न पदहरुमा आफ्नो उम्मेद्वारी दर्ता गर्नुभएका सम्पुर्ण जनस्वास्थ्यकर्मीहरुलाई सफलताको शुभकामना । चुनावमा हारजित, भोट तलमाथी हुने कुरा स्वभाविक नै हो । नतिजा जे जस्तो होस नेफामा योगदान पुऱ्याउछु भनेर देखाएको उत्प्रेरणा सदैब कायम रहिरहोस, समितिमा रहेर होस वा नरहेर होस आफ्नो पेशागत संस्था, पेशागत विकासमा गर्न सकिने ठाउँ अथाह छ । हामी सबै मिलेर जनस्वास्थ्य पेशा, जनस्वास्थ्य क्षेत्र र अन्तत जनताको स्वास्थ्य अवस्था सुधार गर्न हातेमालो गरौ । लेखक जनस्वास्थ्य संघका आजिवन सदस्य हुन । स्वास्थ्य खबरबाट

# जसपाको खबरदारी जुलुस

**राजविराज** / जनता समाजवादी पार्टी नेपाल सप्तरीले जनमत पार्टी बिरुद्ध खबरदारी जुलुस निकालेको छ । जनमत पार्टीका नेता कार्यकर्तामाथी कारवाहीको माग गर्दै जसपाले बिहीबार सो खबरदारी जुलुस निकालेको हो ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा जनमत पार्टीको कार्यक्रममा वडा नं. ११ का वडाअध्यक्ष लगायतले नेता कार्यकर्तामाथी आक्रमण तथा सवारीसाधनलाई तोडफोड गरेको भन्दै वडा अध्यक्षलाई कारवाहीको माग गर्दै आन्दोलन गरिरहेको बेला जसपाले पनि सो पार्टी बिरुद्ध खबरदारी जुलुस निकालेको जनाइएको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ११ का वडा अध्यक्ष मोहि यादवको नेतृत्वमा एक टोलीले गत गत शनिबार आफ्ना नेता कार्यकर्तामाथी आक्रमण र कार्यक्रम स्थलमा तोडफोड गरेको आरोप लगाउँदै जनमत पार्टीका कार्यकर्ताले सडक आन्दोलन सुरु गरेका छन् ।

यता मंगलबारदेखी उक्त नगरपालिकाका १३ वटै वडाका वडा अध्यक्षले आ-आफ्नो वडा कार्यालयमा तालाबन्दी गरि सोको साँचो नगर प्रमुख शैलेश प्रसाद साहलाई बुझाएका छन् । उनीहरुले नगर प्रमुख साहलाई एक ज्ञापनपत्र समेत बुझाउँदै उक्त घटनामा जनमत पार्टीका कार्यकर्ता दोषि रहेकाले कारवाहीका लागि पहल गर्न माग गरेका छन् ।

जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला समन्वय समिति र पत्रकार महासंघ सप्तरीलाई बोदार्थसमेत दिइएको उक्त ज्ञापनपत्रमा गत शनिबार आयोजित जनमत पार्टीको कोणसभाका क्रममा वडा नं ११ वडा अध्यक्ष मोही यादवलाई गालिगलौज गरेको तथा वडा नं. १० वडा अध्यक्ष श्रवण मण्डलको घरमै पसि उनीमाथी हातपात गरेको उल्लेख गरेका छन् ।

# महिला सहभागितालाई प्राथमिकतामा राखिएको छ : प्रहरी महानिरीक्षक

**राजविराज**/नेपाल प्रहरीका महानिरीक्षक शैलेश थापा क्षेत्रीले ३३ प्रतिशत महिला सहभागितालाई प्रहरी संगठनमा प्राथमिकता दिइएको बताएका छन् ।

प्रदेश २ प्रहरी तालिम केन्द्र, जनकपुर सम्पर्क कार्यालय राजविराजमा सोमबार महिला आवास गृह, कक्षाकोठा तथा अतिथि गृहको उद्घाटन गर्दै उनले सो कुरा बताएका हुन ।

हाल नेपाल प्रहरीमा महिलाको सहभागिता ११ प्रतिशत पुगेको र भविष्यमा ५० प्रतिशतसम्म पुऱ्याउने लक्ष्यका साथ कार्य भइरहेको उनले जानकारी पनि दिए ।

महिलासहित सम्पूर्ण जनतालाई सुरक्षा र न्याय प्रदान गर्न प्रहरी प्रतिबद्ध रहेको बताउँदै उनले महिला माथि हुने हिंसा अपराधिक घट्नालाई महिला प्रहरी अधिकृत र कर्मचारीले नै सहजिकरण गर्दा सहज हुने जिकिर गरे ।

एमआईपीपी परियोजना अन्तर्गत राजविराजस्थित सम्पर्क कार्यालयमा युनोप्सको सहयोगमा २ सय क्षमता भएको महिला आवास गृह र ५० विद्यार्थी अटाउने क्षमता भएको ४ वटा कक्षा कोठाको निर्माण गरिएको छ । परियोजना प्रमुख कोमल कार्कीले १५ करोडको लागतमा उक्त भवनहरुको निर्माण कार्य सम्पन्न भएको जानकारी दिए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, प्रदेश २ तालिम केन्द्र राजबिराजका प्रमुख केदार ढकाल, राजबिराज नगरपालिका नगर प्रमुख शम्भु प्रसाद यादव, तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष सतिश कुमार सिंह, रूपनी गाउपालिका अध्यक्ष हरेराम यादव, सप्तरी प्रहरी प्रमुख अभिनारायण काफ्ले, सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठ, रेडक्रस सप्तरीका अध्यक्ष जोगेन्द्र भगत, नेपाल पत्रकार महासँघ सप्तरी अध्यक्ष श्रवण कुमार देव लगायतको समेत उपस्थिति रहेको थियो ।

# एक वर्षको अवधीमा ८ वटा हत्याका घटना : इन्सेक

**राजविराज**/सप्तरीमा एक वर्षको अवधीमा आठ वटा हत्याका घटनाहरु भएका छन् । सन् २०२१ को अवधीमा सो घटनाहरु भएको जनाइएको छ ।

नेपाल मानव अधिकार वर्षपुस्तक २०२२ का लागि सप्तरीमा संकलन गरिएको मानव अधिकार उल्लघंन र ज्यादतीका घटनाहरुको प्रकाशन पूर्व शुक्रबार राजविराजमा बार्षिक समीक्षा गोष्ठीमा प्रस्तुत प्रतिवेदनमा जनाइएको छ ।

ती घटनासहित ९४ वटा मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटना समेत भएको प्रतिवेदन उल्लेख छ । इन्सेक प्रतिनिधि मनोहरकुमार पोखरेलले प्रस्तुत गरेका प्रतिवेदनमा सो अवधिमा बलात्कारपछि नौ वर्षीया बालिकाको हत्या, १६ वर्षीय बालक, ८९ वर्षीय अति वरिष्ठ ज्येष्ठ नागरिक र ४७ वर्षीया महिलाको हत्यासहित गैरराज्य पक्षबाट आठ जनाको हत्या भएको जनाइएको छ ।

महिला बलात्कारका ९ घटनामा १८ माथि ३० वर्षीयासम्मका ९ महिला पीडित भएकी छिन । बलात्कारको घटनामा १९ देखि ३३ वर्षीय ९ जना आरोपितहरु छन् । जसमा १ जना थुनामा, २ जना जिम्माजमानीमा र ३ जना पुर्पक्षका लागि धरौटीमा रिहा भएका छन् भने ३ जना फरार छन् ।

बहुविवाहको ९ घटनामा २१ देखि ४६ वर्षीया महिला पीडित बनेकी छिन । आरोपितमध्ये ६ जना पुर्पक्षका लागि धरौटीमा रिहा भए, १० जनाविरुद्ध पक्राउ पुर्जी जारी भयो भने २ जना फरार छन् ।

मानव वेचबिखनको १, अपहरणको ३, गैरकानुनी थुनाको १, अमानविय व्यवहारको १, घरेलु हिंसाको ६ घटना अभिलेख गरिएको छ । कुटपिट/दुर्व्यवहारको ६ घटनामा घाइते हुनेमा ४ कर्मचारी, १ शिक्षक, १ डाक्टर, १ सर्वसाधारण रहेका छन् ।

इन्सेक सदस्य तथा प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाको अध्यक्षतामा आयोजित गोष्ठिमा जिल्ला न्यायाधीश राजेन्द्रकुमार श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, स्रेस्तेदार कुमार मास्के, एसपी अबिनारायण काफ्ले, सशस्त्र एसपी राजु श्रेष्ठ, उपअनुसन्धान निर्देशक नरेशबहादुर शाह, जिल्ला न्याधिवक्ता मोहम्मद मुन्ना, सेनानी कर्मेन्द्रसिंह भाट, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, ज्येष्ठ नागरिक महासंघका प्रदेश २ अध्यक्ष शंकर शारदा, सामुदायिक सेवा केन्द्र अध्यक्ष हितनारायण लाल दास, राजविराज उच्च अदालत बार एशोसिएसन अध्यक्ष भरत यादव, सप्तरी जिल्ला बार एशोसिएसन अध्यक्ष डोमन साह, नेपाल पत्रकार महासंघ अध्यक्ष श्रवण देव, मानव अधिकार निगरानी समूहका अध्यक्ष रघुबर साह, प्याब्सन सचिव संजय शर्मा, अधिवक्ताहरु मीना देव, मनु खनाल, पार्वती जोशी थारु, दानो चौधरीले धारणा राखेका थिए ।

# तीन सदस्यीय 'पुरस्कार छनौट समिति' गठन

**राजविराज**/नेपाल पत्रकार महासंघ शाखा सप्तरीको सम्पन्न बैठकले लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कारका लागि तीन सदस्यीय 'पुरस्कार छनौट समिति' गठन गरेको छ ।

महासंघका अध्यक्ष श्रवणकुमार देवको अध्यक्षतामा बिहीबार सम्पन्न कार्यसमितिको बैठकले वरिष्ठ पत्रकार अनिल कुमार अनलको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको हो । उक्त समितिको सदस्यद्वयमा महासंघका उपाध्यक्ष बैद्यनाथ यादव र धर्मपाल राउत रहेका छन् ।

यस्तै सोही बैठकले लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार वितरण सम्बन्धमा आगामी दिनमा नयाँ कार्यविधि निर्माणका लागि उपाध्यक्ष बैद्यनाथ यादवको संयोजकत्वमा पाँच सदस्यीय समिति समेत गठन गरेको छ । गठित समितिको सदस्यहरुमा कार्यसमितिका महिला उपाध्यक्ष अम्बिका दहाल, सहसचिवद्वय चन्दनकुमार यादव र गोपालप्रसाद गुप्ता तथा सदस्य विद्यानन्द राम रहेका छन् ।

त्यस्तै भवन निर्माणकालागि प्रदेश २ सरकारका अर्थ मन्त्रालयसँग बजेट माग गर्ने र आवश्यक काम कारबाही अगाडी बढाउने निर्णय समेत भएको सचिव रामनारायण विश्वासद्वारा प्रेसित विज्ञप्तिमा उल्लेख छ ।

# जनमतको राजमार्ग बन्द यथावत

**राजविराज**/किसानहरुको समस्या समाधान गर्न ११ बुँदे माग अघि सार्दै जनमत पार्टीले गरेको अनिश्चितकालीन राजमार्ग बन्दलाई शनिबार पनि निरन्तरता दिएका छन् ।

सो बन्दको प्रभाव पूर्व-पश्चिम राजमार्गमा परेको छ । शुक्रबार राजमार्ग बन्दका क्रममा जिल्लाको भारदहमा राजमार्ग अवरुद्ध गर्दै गरेका जनमत पार्टीका सप्तरीका अध्यक्ष चन्देश्वर मण्डलसहित एक दर्जन व्यक्तिलाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता शुक्रवार विहानदेखि भारदहस्थित राजमार्गमा जनमतका कार्यकर्ताहरुले प्रदर्शन गर्दै एक टिपरमा तोडफोड गरेका छन् ।

यस्तै लहानमा जनमतका कार्यकर्ताहरुले उखु बोकेर प्रदर्शन गरेका छन । किसानहरुको समस्या समाधान गर्न भन्दै जनमत पार्टीले सुरु गरेको राजमार्ग अवरुद्ध बन्द आन्दोलनका क्रममा सिरहाको लहानमा मनोकामना ड्राइभिङ्ग सेन्टरको गाडी तोडफोड भएको छ ।

राजमार्ग बन्दको अवज्ञा गरेको भन्दै जनमतका कार्यकर्ताले को.१ब. ३७२९ नम्बरको कारको सिसा फुटाएका हुन् । सिसा लागेर गाडीमा सवार विजय यादवलाई चोट समेत लागेको छ ।

# आगलागिमा दश लाख भन्दा बढीको क्षति

**राजविराज**/सप्तरीको तिरहुत गाउँपालिका ३ मा बिहीबार भएको आगलागीमा दश लाखभन्दा बढीको क्षति भएको अनुमान गरिएको छ ।

स्थानीयवासी हेमनारायण साफीको घर र किराना पसल तथा मेडिकल ल्याब रहेको तथा अर्को घरमा विद्युत् सर्ट भएर आगलागी हुँदा सो क्षति भएको हो ।

आगलागीबाट औषधि, दुई गोरु, पाँच बाखा, ल्यापटप, साइकल, अन्न, लत्ताकपडालगायतका सामान जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । स्थानीयवासी र प्रहरीले आगो नियन्त्रणमा लिएका थिए ।

## नेपाल पत्रकार महासंघ शाखा सप्तरीको सूचना

नेपाल पत्रकार महासंघ शाखा सप्तरीले पछिल्लो २७ वर्षदेखि निरन्तर रुपमा सप्तरीका स्वर्गीय पत्रकार लोकेन्द्र बुढाथोकीको स्मृति दिवस 'पुस २६ गते'का दिन मनाउँदै आएको सर्वविदितै छ ।

यसवर्ष पनि पुस २६ गते सोमबारकादिन २८औं लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार विशेष समारोहकाबीच निर्भिक, निष्पक्ष एवम् खोजमूलक समाचार सम्प्रेषण गर्ने एक जना पत्रकारलाई प्रदान गरिनेछ ।

तसर्थ, सप्तरी जिल्लालाई कार्यक्षेत्र बनाएर पत्रकारिता गर्दै आएका सञ्चारकर्मीहरुले आ-आफ्नो व्यक्तिगत विवरण, निवेदनसहित एक वर्षयता(२०७७ पुस २७ गतेदेखि २०७८ पुस १३ सम्म) हालसम्म प्रकाशित/प्रशारित समाचार सामग्रीहरुमध्ये कम्तिमा तीन वटा महासंघको कार्यालयमा बुझाउनु हुन अनुरोध छ ।

**नोट** : रेडियो र टेलिभिजनका पत्रकारले https://wetransfer.com बाट fnjsaptari78@gmail.com मा समेत 'समाचार सामग्री' पठाउन सकिन्छ ।

कागजात बुझाउने स्थान : नेपाल पत्रकार महासंघ शाखा सप्तरीको कार्यालय, राजविराज

बुझाउने मिति : २०७८ पुस १४ देखि २२ गतेसम्म

समय : विहान ११ बजेदेखि ३ बजेसम्म

मिति : २०७८/०९/१३ गते ।

रामनारायण विश्वास
सचिव
नेपाल पत्रकार महासंघ
शाखा सप्तरी, राजविराज

# अन्तर्राष्ट्रिय समाचार

## फ्रान्समा ६ लाखभन्दा बढी पक्षी मारियो

**पेरिस**/फ्रान्समा छ लाखदेखि छ लाख ५० हजारसम्म पक्षीहरू मारिएको छ । बर्ड फ्ल्यु फैलिन थालेपछि सरकारले शङ्कास्पद क्षेत्रका कुखुरा, हाँसलगायतका पक्षीहरू मार्न लगाएको हो ।

पक्षीको उक्त सङ्ख्या पछिल्लो एक महिनामा मारिएको सरकारी अधिकारीहरूले शुक्रबार जानकारी दिएका छन् । फ्रान्समा सन् २०१५ देखि बर्ड फ्ल्युको महामारी आएको र अहिले चौथो चरणको खतरा रहेको बताइएको छ ।

महामारी फैलिनसक्ने देखिएका क्षेत्रका २६ फार्मका पक्षी अहिले मारिएका कृषि मन्त्रालयले जनाएको छ । फ्रान्स जस्तै अरु धेरै युरोपेली देशहरूमा पनि अहिले बर्ड फ्ल्युको महामारी आउने खतरा देखिएको छ । कोरोनाभाइरसको महामारीले मानिसलाई त्रसित पारिरहेकै बेला बर्ड फ्ल्यु भाइरसको महामारीले पीडा थपेको हो । एजेन्सी

## विरोध प्रदर्शनका क्रममा सुडानमा चारको मृत्यु, सयौं घाइते

**खार्तुम**/सुडानमा भएको आम प्रदर्शनका क्रममा शुक्रबार थप चार जनाको मृत्यु भएको छ । प्रदर्शनका क्रममा थप चार जनाको मृत्यु भएको र अरु सयौँ घाइते भएको प्रहरीले पनि पुष्टि गरेको छ । प्रदर्शनकारीहरूले राजधानी खार्तुम र छिमेकी सहरहरूमा बिहीवार व्यापक विरोध प्रदर्शन गरेका थिए । प्रदर्शनकारी र प्रहरीका बीच भएको झडपमा प्रहरीतर्फ पनि घाइते भएका छन् । प्रहरी अधिकारीहरूका अनुसार प्रहरीतर्फ ४९ जना घाइते भएका हुन् ।

प्रदर्शनकारीहरूले सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याएको र प्रहरीलाई नै आक्रमण गरेपछि प्रहरीले जवाफी आक्रमण गर्नु परेको प्रहरीले जनाएको छ । प्रहरीले प्रदर्शनको नेतृत्व गरिरहेका नेताहरूसँग समन्वय गर्ने प्रयाससमेत गरेको दाबी गरेको छ । घाइतेमध्ये केहीको बिभिन्न अस्पतालमा उपचार भइरहेको जनाइएको छ । सुडानमा गत अक्टोबर २५ देखि आम प्रदर्शन भइरहेको छ । नागरिक सहभागितासहितको सरकारको सट्टामा सेनाले सैनिक सरकार चलाउन थालेपछि सुडानमा फेरि आन्दोलन सुरु भएको हो । एजेन्सी

## मालीमा आतंकवादी हमलामा ८ सैनिकको मृत्यु ७ घाइते

**माली**/मालीको पश्चिमी भागमा बुधबार भएको आक्रमणमा मारिएका सैनिकहरूको संख्या आठ पुगेको छ भने थप सात घाइते भएको माली सशस्त्र बलले जनाएको छ ।

बुधबार नारा गाउँमा भएको आक्रमणमा परी चार सैनिकको मृत्यु भएको र करिब १० जना घाइते भएको सेनाले जनाएको छ ।

मृत्यु हुने सैनिकको संख्या ८ पुगेको छ भने ७ सैनिक घाइते भएका छन र ३ वटा सवारी साधन ध्वस्त भएका छन । सेनाले वेबसाइटमा प्रकाशित प्रेस विज्ञप्तिमा जनाए अनुसार आक्रमणकारी तर्फ ३१ जनाको मृत्यु भएको र उनीहरूबाट हतियार र गोलाबारुद जफत गरिएको छ । मालीको वायुसेनाले गरेको हवाई हमलाका कारण आतंककारीहरूको मृत्युको कुल संख्या अझै स्पष्ट हुन बाँकी छ ।

मालीले संयुक्त राष्ट्रसंघ र फ्रान्सेली सेनाको उपस्थितिको बावजुद सन् २०१२ मा उत्तरी क्षेत्रमा शुरु भएको इस्लामवादी विद्रोहलाई नियन्त्रण गर्न संघर्ष गरिरहेको छ । यो द्वन्द्व मध्य माली, साथै छिमेकी बुर्किना फासो र नाइजरमा समेत फैलिएको छ । एजेन्सी

## महाराष्ट्रका १० मन्त्री र २० प्रदेश सांसदलाई कोरोना सङ्क्रमण

**महाराष्ट्र**/भारतको महाराष्ट्र प्रदेशका १० मन्त्रीलाई कोरोनाभाइरसको सङ्क्रमण भएको पुष्टि भएको छ ।

महाराष्ट्रका उपमुख्यमन्त्री अजित पावारले अरु २० प्रदेश सांसदहरुलाई पनि सङ्क्रमण भएको जानकारी दिनुभयो ।

उहाँले कोरोनाभाइरसको महामारी तीव्ररुपमा फैलिएकाले आम नागरिकस्तरबाट पनि उच्च सतर्कता अपनाइनु पर्नेमा जोड दिनुभयो ।

सरकारले लागु गरेका नियमहरुको पालना नगर्दा र हेलचेक्र्याइँ गरेकाले महामारी बढी फैलिएको उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, "कृपया सरकारको आग्रहलाई पालना गरिदिनु होला, आफ्नै पनि सतर्कता अपनाउनु होला, नत्र अवस्था भयावह हुनसक्छ ।"

महामारी नियन्त्रणका लागि अपनाउनु पर्ने नयाँ उपायका बारेमा छलफल गर्न सरोकारवाला तथा विज्ञको बैठक बोलाइएको र उनीहरुसँग पटकपटक परामर्श भइरहेको जानकारी पनि उहाँले दिनुभयो ।

भारतको महाराष्ट्र प्रदेश कोरोनाभाइरसबाट सबैभन्दा बढी प्रभावित प्रदेश हो । अहिले ओमिक्रोनका सङ्क्रमित पनि सबैभन्दा धेरै महाराष्ट्रमै देखिएका छन् । एजेन्सी

# सप्तरीका विवेक राष्ट्रिय टोलीको बन्द प्रशिक्षणमा

**राजविराज**/आगामी फ्रेबअरी महिनाको तेस्रो सातामा ओमानमा हुने आइसीसी टी-२० विश्वकप ग्लोबल छनोट क्रिकेटको बन्द प्रशिक्षणका लागि ३० सदस्यीय राष्ट्रिय टोलीमा सप्तरीका बिवेक यादब परेका छन् ।




हालै यु १९ एसिया कप खेलेर आएका उत्कृष्ट प्रदर्शन गरेका १८ बर्षिय खेलाडी बिबेक नेपाली राष्ट्रिय टोलीका लागि बन्द प्रशिक्षणमा पर्न सफल भएका हुन ॥

मुख्य प्रशिक्षक पुबुदु दसानायिकेको आगमनसँगै क्यानले पहिलोपटक सन्दीप लामिछानेको कप्तानीमा ३० सदस्यीय नेपाली टोलीको घोषणा गरेका छन ।

टोलीमा सन्दीपसँगै ज्ञानेन्द्र मल्ल, दीपेन्द्रसिंह ऐरी, शरद भेषावकर, करण केसी, सोमपाल कामी, मोहम्मद आरिफ शेख, विनोद भण्डारी, कुशल मल्ल, कुशल भुर्तेल, मोहम्मद आशिफ शेख, कमलसिंह ऐरी, साहब आलम र सन्दीप जोरा छन ।

त्यसबाहेक अभिनाश बोहरा, सुशान भारी, पवन सरार्फ, विक्रम सोब, भीम सार्की, रोहितकुमार पौडेल, प्रदीप ऐरी, गुलशन कुमार झा, नन्दन यादव, जितेन्द्र मुखिया, विवेक कुमार यादव, सौरभ खनाल, राजेश पुलामी मगर, किशोर महतो, सागर ढकाल र हरि शंकरशाहलाई टोलीमा स्थान दिइएको छ । नेपाली टोलीको बन्द प्रशिक्षण शनिबारदेखि सुरु हुने क्यानले जनाएको छ ।

ग्लोबल छनोट फ्रेबअरीको १५ देखि २५ तारेखसम्म ओमानमा आयोजना हुनेछ । समूह ए मा नेपालसँगै आयरल्यान्ड, ओमान, युएई, फिलिपिन्स, जमर्नी, क्यानडा र बहराइन छन । समूहको शीर्ष दुई टोलीले अष्ट्रेलियामा हुने टी २० विश्वकपका लागि छनोट हुनेछन ।

# ट्रकमा आगजनी

**राजविराज**/सिके राउत नेतृत्वको जनमत पार्टीको अनिश्चितकालिन राजमार्ग बन्दका क्रममा शुक्रबार सप्तरीमा एक ट्रकमा आगजनी भएको छ ।

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ५ महुली पुल नजिक गिट्टी बोकेर पूर्वतर्फ जादैं गरेको ना.६ख. ७६२९ नम्बरको ट्रकमा आगजनी भएको हो ।

आगजनीबाट ट्रकको अगाडीको भाग जलेको छ । ट्रकमा लगाइएको आगो नियन्त्रणका लागि प्रहरी, स्थानियवासी तथा वारुणयन्त्रको मद्दत लिएको थियो ।

स्थानिय प्रत्यक्षदर्शीका अनुसार चार जनाको समूहमा आएका व्यक्तिहरुले ट्रक रोकी पेट्रोल छरेर आगजनी गरि फरार भएका थिए ।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले अज्ञात व्यक्तिले ट्रकमा आगजनी गरेको बताउँदै घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिए ।

# लागुऔषध काठमाडौं पुऱ्याउने कार्यमा संलग्न दुई जना पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले लागुऔषध काठमाडौं पुऱ्याउने कार्यमा संलग्न बसका सहचालकसहित दुईजनालाई ठूलो मात्रामा लागु औषधसहित पक्राउ गरेको छ ।

रात्री बसबाट लागुऔषध ओसारपोसार गर्ने कार्यमा संलग्न राजविराज-काठमाडौं रुटमा चल्ने ना.८ख. ५८३७ नम्बरको बसका सहचालक कंचनरुप नगरपालिका ८ निवासी ३६ वर्षिय संजय भुजेल र बोदेबरसाईन नगरपालिका ५ बस्ने २१ वर्षिय मो. अब्दुललाई पक्राउ गरेको हो ।

टेम्पो र बसबाट गरि प्रतिबन्धित नाइट्रोभेट १० दुई हजार एक सय ट्याब्लेट, एसएमपी प्रोक्सिभन क्याप्सुल २ सय ८८ र डाइलेक्स डिसि १०० एमएल तीन सय ९९ बोतल बरामद गरिएको प्रहरीले जनाएको छ ।

उनीहरुलाई राजविराजस्थित गुलाब ग्यारेजमा पार्किङ गरिराखेको सो रात्री सेवा बसको डिक्किमा कार्टुनमा प्याक गरि लोड गरिराखेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सप्तरीका प्रहरी उपरिक्षक अभिनारायण काफ्लेका अनुसार भुजेलले काठमाडौं लैजान पार्किङ गर्ने स्थानमा बसको डिक्कीमा लागुऔषध ठिक्क पारि राखेको गोप्य सूचना आएपछि चेकजाच गर्दा ठूलो परिमाणमा लागु औषध बरामद गरिएको हो ।

अब्दुलले भारतीय क्षेत्रबाट लुकिछिपि लागुऔषध ल्याई सहचालक भुजेललाई बुझाउने र भुजेलले काठमाडौं पुऱ्याई विभिन्न स्थानमा बिक्रि गर्ने गरेको अनुसन्धानको क्रममा खुलेको उनको भनाई छ ।





अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit · City Express Money Transfer · Best Remit Quick & Easy · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*